अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८१/०८/१८ गते (नेपाल संवत् ११४५ थिंलाथ्व,२ मंगलवार) सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः

| सि.नं. | प्रतिवादी | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | **प्रतिवादी ओमकार प्रसाद न्यौपाने** समेत कूल ९ जना **(ओमकार प्रसाद न्यौपाने, द्वारिका प्रसाद दाहाल, देबेन्द्र नारायण चौधरी, हर्षलाल चौधरी, सविना कुमारी चौधरी, राजकुमार चौधरी, टिकालक्ष्मी श्रेष्ठ, सुनील कुमार चौधरी र नानु कुमारी निरौला (बस्नेत))** प्रतिवादीहरु भएको, बिशेष अदालतको मुद्दा नं. ०८०-CR-००७२), बिशेष अदालतबाट फैसला भएको मिति २०८०/१२/१५) | सडक कालोपत्रे गर्ने कार्यमा झुट्टा बिलको आधारमा भुक्तानी गरी भ्रष्टाचार गरेको । | **प्रतिवादीहरुमध्ये रामधुनी नगरपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत <u>ओमकार प्रसाद न्यौपाने</u>, लेखा अधिकृत <u>द्वारिका प्रसाद दाहाल</u>, इन्जिनियर <u>देबेन्द्र नारायण चौधरी</u> र सव-इन्जिनियर <u>हर्षलाल चौधरी</u>को हकमाः**<br><br>प्रतिवादीहरु सब-ईन्जिनियर हर्षलाल चौधरी र ईन्जिनियर देबेन्द्र नारायण चौधरीले स्थलगत रुपमा नापजाँच गरी नापी कितावमा वास्तविक परिमाण चढाउने र निर्माण व्यवसायीले पेश गरेको बिल सही छ छैन चेकजाँच गरी कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्नेमा आफ्नो पदीय दायित्व पुरा नगरी सरकारी सम्पत्तिमा गैरकानूनी हानी र आफूहरुलाई लाभ पुर्याउने बदनियतले निर्माणस्थलमा नगरे नगराएको काम भएको भनी घटी परिमाणमा सम्पादन भएको कार्यहरुको बढी परिमाण नापी किताबमा समाबेश गरी गलत प्राविधिक प्रतिवेदन समेत तयार गरी पेश गरेको, लेखा अधिकृत द्वारिका प्रसाद दाहालले नापी किताबको अंक गणितीय त्रुटिलाई समेत अनदेखा र बेवास्ता गरी नसच्याई, लुकाई छिपाई बढी भुक्तानी दिएको, प्रमुख प्रशासकिय अधिकृत ओमकार प्रसाद न्यौपानेले निर्माणस्थलमा भए गरेको कार्य भन्दा बढी तथा साईटमा नगरे नगराएको परिमाणको नापी चढाई पेश भएको झुठा बिल, नापी किताव तथा कार्यसम्पन्न प्रतिवेदन स्वीकृत गरी रु.२,१२,०७३।५८ (अक्षरेपी दुई लाख बाह्र हजार त्रिहत्तर र पैसा अन्ठाउन्न मात्र) बढी भुक्तानी दिई सरकारी सम्पतिमा गैरकानूनी हानी पुर्याउने कार्य गरी भ्रष्टाचार | <u>फैसलाः</u><br>प्रस्तुत मुद्दामा कूल ९ जना प्रतिवादीहरु सबैजनाले आरोपित कसूरबाट सफाई पाउने ठहरी फैसला भएको अवस्था छ ।<br><br>**<u>विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः</u>**<br>प्रस्तुत मुद्दामा बिशेष अदालत, काठमाण्डौबाट निजप्रतिवादीहरुले प्रस्तुत मुद्दाको आरोप मागदावीबाट सफाई पाउने ठहरी फैसला गर्दा लिईएका आधार तथा कारणहरु देहाय बमोजिम रहेका छन्:<br><br>**क)** प्रस्तुत मुद्दाका प्रतिवादीहरुले आयोगले पहिलो चेनेज ०+००० जहाँ मानिएको छ, त्यो यस योजना अनुसार कार्य भएको सुरु बिन्दु होईन, आयोगले नापजाँच सुरु गरे भन्दा १७० मिटर अगाडीबाट कार्य सुरु गरिएको छ, सुरुवात बिन्दु देखि २५० मिटर भनेको सडक कालोपत्रेको सुरुवात बिन्दु हो र हामीले मानेको ०+००० भनेको वडा नं.३ र वडा नं.५ को सिमाना हो भन्ने जिकिर लिएको देखिएको, सो स्थलगत मुचुल्का रामधुनी गेटबाट रामधुनी मन्दिर जाने मूल सडकको पहिलो घुम्ती (१७० मिटर) सम्म रहेको र चेनेज ०+५८८ (बुध नारायण चौधरीको घर) देखि चेनेज ०+७९७ (दचकिचा खोला सम्म) सम्झौतामा उल्लेख भए बमोजिमको मर्मत कार्य गरेको भनी तत्कालीन जनप्रतिनिधी स्थानीयको | क) प्रस्तुत मुद्दाका सम्बन्धमा मिशिल संलग्न मिति २०७९।५।२ गतेको स्थलगत अनुगमन निरीक्षण तथा नापजाँच मुचुल्का तथा प्रतिवेदक शैलेश दास समेतले पेश गरेको मिति २०७९।५।१७ गतेको स्थलगत नापजाँच तथा प्राविधिक प्रतिवेदनमा उल्लेखित नापजाँच पश्चात प्राप्त विवरण बमोजिम गणना गरी सम्बन्धित कार्यालयबाट प्राप्त स्वीकृत मूल्यांकन (नापी किताब) र कार्य सम्पन्न प्रतिवेदनसँग तुलना गर्दा उक्त कालोपत्रे गरेको नापजाँच गर्दा भए गरेको कार्यको परिमाण स्वीकृत मूल्यांकन (नापी किताब) र कार्य सम्पन्न प्रतिवेदन भन्दा ८.४६ घनमिटर कम (घटी) पाईएको सम्बन्धमा निज प्रतिवादीहरुले मौकाको बयानमा कुनै **अन्यथा दावी जिकिर नलिएको**, स्थलगत नापजाँच प्राविधिक बिषय भएको हुँदा प्राविधिक नापजाँच गर्ने प्राविधिकहरुको प्रतिवेदनको आधारमा उक्त काम सम्पन्न भएको हो र आफूहरुलाई प्राविधिक बिषयको ज्ञान नभएको भनी बताएका, तथा प्रतिवादीहरुमध्ये हर्षलाल चौधरी र देवेन्द्र नारायण चौधरी प्राविधिक कर्मचारीहरु रहेकामा निजहरुले नै स्थलगत नापजाँच सम्बन्धी सम्पूर्ण कागजात पेश गरेको स्वीकार गरेका तथा अर्का प्रतिवादी ओमकार प्रसाद न्यौपानेले सरकारी सम्पत्तिमा गैरकानूनी हानी पुर्याउने बदनियतले सम्झौतामा निर्माण स्थलमा भए गरेको कार्य भन्दा बढी तथा साईटमा नगरे नगराएको परिमाणको कामको नापी चढाई पेश भएको झुठा बिल नापी किताव तथा कार्यसम्पन्न प्रतिवेदन ,स्वीकृत गर्ने तथा भुक्तानी समेत दिने कार्य गरेको देखिएको र हर्षलाल चौधरी र देवेन्द्र नारायण चौधरीको मौकाको बयानमा समेत स्थलगत नापजाँचमा **मानवीय त्रुटि भएको हुन सक्ने भनी स्वीकार गरेकोमा** पछि आएर अदालत समक्ष उक्त मिशिल संलग्न मिति २०७९।५।२ गतेको स्थलगत अनुगमन निरीक्षण तथा नापजाँच मुचुल्का तथा प्रतिवेदक शैलेश दास समेतले पेश गरेको मिति २०७९।५।१७ गतेको स्थलगत नापजाँच तथा प्राविधिक प्रतिवेदनमा उल्लेख भएको स्थलगत नापजाँचको पहिलो चेनेज ०+००० जहाँ मानिएको छ,त्यो यस योजना अनुसार कार्य भएको सुरु बिन्दु होईन, **आयोगले नापजाँच सुरु गरे भन्दा १७० मिटर अगाडीबाट कार्य सुरु गरिएको छ भनी पछि आधारहिन जिकिर** |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) वमोजिमको कसूर गरेको देखिन आएकोले प्रतिवादीहरु ओमकार प्रसाद न्यौपाने, द्वारिका प्रसाद दाहाल, देबेन्द्र नारायण चौधरी र हर्षलाल चौधरीलाई बढी भुक्तानी दिएको रकम रु.२,१२,०७३।५८ (अक्षरेपी दुई लाख बाह हजार त्रिहत्तर र पैसा अन्ठाउन्न मात्र) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद एवं जरिवाना गरी बिगो रकम असुल उपर हुन मागदाबी लिइएको, साथै प्रतिवादीहरु ओमकार प्रसाद न्यौपाने, देबेन्द्र नारायण चौधरी र हर्षलाल चौधरीले स्थलगत अनुगमनका क्रममा निर्माण कार्य सम्पन्न नहुँदै कार्य सम्पन्न गरेको भनी माइन्यूट गरी तथा प्रतिवादीहरु देबेन्द्र नारायण चौधरी र हर्षलाल चौधरीले उक्त निर्माण कार्यको गलत नापी किताब र कार्य सम्पन्न प्रतिवेदन तयार गरी गलत प्रतिवेदन दिने कार्य गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिम गलत प्रतिवेदन दिने कसूर गरेको देखिन आएकोले निजहरुलाई सोही ऐनको दफा १९ को उपदफा (२) वमोजिम कैद र जरिवाना हुनसमेत मागदावी लिइएको।<br><br>**प्रतिवादीहरुमध्ये रामधुनी नगरपालिकाका तत्कालीन उपप्रमुख सविना कुमारी चौधरी, वडा नं. ३ का तत्कालीन वडा अध्यक्ष राजकुमार चौधरी, वडा नं.३ का तत्कालीन वडा सदस्य (नगर कार्यपालिका सदस्य) टिकालक्ष्मी श्रेष्ठ र योजना शाखाका सहायक पाँचौ तहका सुनील कुमार चौधरीको हकमाः** | भनाई रहेको भनी मुचुल्कामा नै व्यहोरा खुलाएको देखिएको, स्थलगत मुचुल्का गर्ने प्रतिवेदक शैलेस दासले योजनाको शुरु बिन्दुको १७० मिटर तथा अन्तिम खण्डमा कालोपत्रे मर्मत सम्बन्धी कार्यहरु भएको भनी स्थानीय जनप्रतिनिधी तथा स्थानीयवासीले खुलाए बमोजिम नाप जाँच गरिएको, माथी उल्लेखित १७० मिटर लम्बाईमा पटहोल तथा खाल्डा खुल्डी सहित कालोपत्रे रहेको भनी बकपत्रमा खुलाएकोले सो १७० मिटर लम्बाईको कालोपत्रे रहेको तर नापजाँच नगरेको देखिएको ।<br><br>**ख)** प्रतिवादीहरुका साक्षी हिराजंग चौधरी, उदय बहादुर कटुवाल, राम बहादुर बिष्टले रामधुनी मन्दिर जाने बाटोको गेटबाट बुधनारायण चौधरीको घर सम्म करिव ६८० मिटर सडक पिच भएको छ, आयोगले रामधुनी जाने बाटोको दोश्रो मोडबाट नापी गरेकोले ५८८ मिटर मात्र कालोपत्रे भएको देखिएको हो भनी गरेको बकपत्र समेतबाट प्रतिवादी जिकिर समर्थित भएको देखिएको।<br><br>**ग)** वादी नेपाल सरकारका साक्षी हिरामान श्रेष्ठले यस अदालत समक्ष मिति २०७९।०५।०२ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, ईटहरीमा पेश गरेको स्थलगत मुचुल्का नपढी मुचुल्कामा सहीछाप गरेको हो, नापजाँच गरेको | **लिई** आरोपित कसूरबाट उन्मुक्ती पाउने कलुषित मनसायबाट व्यक्त गरेको भनाईलाई प्रमुख आधार मानी, तथा मिशिल संलग्न मिति २०७९।५।२ गतेको स्थलगत अनुगमन निरीक्षण तथा नापजाँच मुचुल्कामा रहेको व्यहोरालाई समर्थित हुने गरी प्रतिवेदक मध्येका शैलेश दासले बकपत्रको जवाफ ११ मा रामधुनी गेटबाट रामधुनी मन्दिर जाने मूल सडकको पहिलो घुम्ती नै योजनाको सुरु बिन्दु रहेको बताएका, बकपत्रको सवाल नं.१४ को जवाफमा समेत उक्त योजनाको स्थलगत नापजाँच मुचुल्कामा उल्लेख भए बमोजिम योजनाको सुरु बिन्दुको १७० मिटर तथा अन्तिम खण्डमा कालोपत्रे मर्मत सम्बन्धी कार्यहरु भएको भनी स्थानीय जनप्रतिनिधि तथा स्थानीयवासीले खुलाए बमोजिम नापजाँच गरिएको भन्ने समेतको व्यहोराबाट समेत प्रतिवादी जिकिर रहेको भनिएको **आयोगले नापजाँच सुरु गरे भन्दा १७० मिटर अगाडीबाट** नापजाँच गर्नुपर्ने भन्ने अवस्था नरहेकोमा सोको नापजाँच नगरेको देखिएको भनी सो मुचुल्काको आंशिक भनाईलाई आधार मानी तथा उक्त योजनाको सुरुबिन्दु नै फरक बताई लिईएको प्रतिवादी जिकिर तथा उक्त कार्यमा संलग्न प्रतिवादीहरुको आफ्नो जिम्मेवारी तथा उत्तरदायित्व समेतलाई वेवास्ता गरी निज प्रतिवादीहरुलाई आरोपित कसूरबाट सफाई दिने ठहरी भएको फैसला प्रमाण विवेचनाको रोहमा त्रुटिपूर्ण भएकोले बदरभागी रहेको।<br><br>ख) मिशिल संलग्न मिति २०७९।५।२ गतेको स्थलगत अनुगमन निरीक्षण तथा नापजाँच मुचुल्का तथा प्रतिवेदक शैलेश दास समेतले पेश गरेको मिति २०७९।५।१७ गतेको स्थलगत नापजाँच तथा प्राविधिक प्रतिवेदनमा उल्लेखित नापजाँच पश्चात प्राप्त विवरण बमोजिम गणना गर्दा सम्बन्धित कार्यालयबाट प्राप्त स्वीकृत मूल्यांकन (नापी किताब) र कार्य सम्पन्न प्रतिवेदनसँग तुलना गर्दा उक्त कालोपत्रेको गरेको स्थल नापजाँच गर्दा भए गरेको कार्यको परिमाण स्वीकृत मूल्यांकन (नापी किताब) र कार्य सम्पन्न प्रतिवेदन भन्दा ८.४६ घनमिटर कम (घटी) पाईएको देखिंदा देखिँदै प्रतिवादीहरुका साक्षीहरुको बकपत्रलाई प्रमुख आधारमानी तथा वैज्ञानिक प्रमाणको रुपमा रहेको स्थलगत नापजाँच प्रतिवेदनको व्यहोरा तथा स्थलगत अनुगमन निरीक्षण तथा नापजाँच मुचुल्काको व्यहोरा समेतलाई अनदेखागरी निज प्रतिवादीहरुको साक्षीहरु जो |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | अनुगमन तथा मूल्याङ्कन समितिमा रही स्थलगत अनुगमनमा सामेल भएका प्रतिवादीहरु रामधुनी नगरपालिकाका तत्कालीन उपप्रमुख सविना कुमारी चौधरी, वडा नं. ३ का तत्कालीन वडा अध्यक्ष राजकुमार चौधरी, वडा नं. ३ का तत्कालीन वडा सदस्य (नगर कार्यपालिका सदस्य) टिकालक्ष्मी श्रेष्ठ र योजना शाखाका सहायक पाँचौ तहका सुनील कुमार चौधरीले स्थलगत अनुगमनका क्रममा निर्माण कार्य सम्पन्न नहुँदै कार्य सम्पन्न भएको भनी माइन्यूट गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिम गलत प्रतिवेदन दिने कसूर गरेको देखिन आएकोले निजहरुलाई सोही ऐनको दफा १९ को उपदफा (२) वमोजिम कैद र जरिवाना हुनसमेत मागदावी लिइएको ।<br><br>**प्रतिवादी जालपा सिद्ध निर्माण सेवा, पकली सुनसरीका प्रोप्राइटर नानु कुमारी निरौला (बस्नेत)को हकमाः**<br><br>प्रतिवादी जालपा सिद्ध निर्माण सेवा,पकली सुनसरीका प्रोप्राइटर नानु कुमारी निरौला (बस्नेत)ले सरकारी सम्पत्तिमा गैरकानूनी हानी र आफूलाई लाभ पुर्याउने बदनियतले रामधुनी नगरपालिकासँग भएको सम्झौता विपरीत निर्माणस्थलमा सम्पादन नै नभएको र कम परिमाणमा भएको कार्य भए गरेको भनी नापी किताब, ठेक्काको बिलमा वास्तविक कामको परिमाण भन्दा बढी काम गरेको देखाई नगरपालिकाको कार्यालयमा पेश गरी रु.२,१२,०७३।५८ (अक्षरेपी दुई लाख बाह | देखिन, रामधुनी गेटबाट रामधुनी मन्दिर जाने पहिलो घुम्ती बीचमा अन्दाजी १६०/१७० मिटरको दुरी पर्न आउँछ, उक्त सडक गेट देखि नै पिच थियो भनी बकपत्र गरेको देखिएको,यसरी योजना अनुसार कार्य भएको सुरु बिन्दु भन्दा १७० मिटर पछाडीबाट मात्र आयोगको टोलीले नापजाँच गरेको देखिंदा नापजाँचको परिमाण फरक परेको देखिन आएको ।<br><br>**घ)** आयोगको टोलीबाट खडा भएको स्थलगत मुचुल्कामा रामधुनी मन्दिर जाने मूल सडकको पहिलो घुम्ती (१७० मिटर) सम्म र चेनेज ०+५८८ बुध नारायण चौधरीको घरदेखि चेनेज ०+९७६ (दचकिचा खोला सम्म) सम्झौतामा उल्लेख भए बमोजिमको मर्मत कार्य गरेको भनी तत्कालीन जनप्रतिनिधी र स्थानीय समेतको भनाई रहेको भनी उल्लेख भएको र सो कुरा वादीकै साक्षी शैलेस दास समेतको बकपत्रबाट पुष्टि भईरहेको अवस्थामा सोही मुचुल्कामा रामधुनी गेटबाट रामधुनी मन्दिर जाने मूल सडकको पहिलो घुम्ती (१७० मिटर) पश्चिमबाट मात्र नापजाँच गरेको देखिंदा सोही स्थलगत मुचुल्का समेतबाट प्रतिवादीहरुले सम्झौता बमोजिमको कार्य नगरी कार्य सम्पन्न प्रतिवेदन पेश गरी नभएको कामको समेत भुक्तानी लिएको भन्ने **वादी दाबी पुष्टि हुन नसकेको** । | प्राविधिक ज्ञान भएका व्यक्ति समेत हुन् भन्ने कहिं कतैबाट देखिंदैन को भनाईलाई आधार मानी निज प्रतिवादीरुले आरोपित कसूरबाट सफाई पाउने ठहरी भएको फैसला त्रुटिपूर्ण भएकोले बदरभागी रहेको।<br><br>ग) प्रस्तुत मुद्दाका सम्बन्धमा वादी नेपाल सरकारका साक्षी हिरामान श्रेष्ठले अदालत समक्ष बकपत्र गर्दा **नापजाँच त गरेको हो,** नापजाँच गरेको मैले देखिंन, के कसरी नाप्यो मलाई थाहा भएन भनी बताएका, रामधुनी गेटबाट रामधुनी मन्दिर जाने पहिलो घुम्ती बीचमा अन्दाजी १६०/१७० मिटरको दुरी पर्न आउँछ, उक्त सडक गेट देखि नै पिच थियो, भनी बताएतापनि **निजले योजनाको सुरुबिन्दु यही हो भनी यकिन गरेका छैनन्,** निजले आफू प्राविधिक ज्ञान भएको व्यक्ति रहे भएको कुरामा दावी जिकिर समेत नगरेकोले निजले मिशिल संलग्न मिति २०७९।५।२ गतेको स्थलगत अनुगमन निरीक्षण तथा नापजाँच मुचुल्का तथा प्रतिवेदक शैलेश दास समेतले पेश गरेको मिति २०७९।५।१७ गतेको स्थलगत नापजाँच तथा प्राविधिक प्रतिवेदनमा उल्लेखित नापजाँच पश्चात प्राप्त विवरण बमोजिमको व्यहोरालाई **पूर्णरुपमा खण्डन गरेको र अन्यथा भनेको समेत नदेखिएको** व्यहोरा समेतलाई अनदेखा गरी तथा प्रतिवादीहरुले गरेको कसूरको गम्भीरता समेतलाई मध्यनजर नगरी भएको उक्त फैसला त्रुटिपूर्ण भएकोले बदरभागी रहेको ।<br><br>घ) यसैगरी आयोगको टोलीबाट खडा भएको स्थलगत मुचुल्कामा रामधुनी मन्दिर जाने मूल सडकको पहिलो घुम्ती (१७० मिटर) सम्म **र** चेनेज ०+५८८ बुध नारायण चौधरीको घरदेखि चेनेज ०+९७६ (दचकिचा खोला सम्म) सम्झौतामा उल्लेख भए बमोजिमको मर्मत कार्य गरेको भनी तत्कालीन जनप्रतिनिधी र स्थानीय समेतको भनाई रहेको उल्लेख भएतापनि प्रस्तुत योजनाको सम्बन्धमा मिति २०७६।१।६ मा रामधुनी नगरपालिका, झुम्का, सुनसरीका तर्फबाट अधिकार प्राप्त प्रमुख प्रशासकिय अधिकृत ओमकार प्रसाद न्यौपाने र जालपा सिद्ध निर्माण सेवा, पकली, सुनसरीका सञ्चालक नानु कुमारी बस्नेतको बीचमा भएको कालोपत्रे सडक निर्माणको लागि भएको सम्झौता-पत्र र लागत |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | हजार त्रिहत्तर र पैसा अन्ठाउन्न मात्र) बढी भुक्तानी समेत लिई, रकम झिकी, खाई मासी गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) वमोजिम कसूर गरेको देखिन आएकोले प्रतिवादी नानु कुमारी निरौला (बस्नेत)लाई रु.२,१२,०७३।५८ (अक्षरेपी दुई लाख बाह्र हजार त्रिहत्तर र पैसा अन्ठाउन्न मात्र) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) वमोजिम सजाय गरी बिगो जफत हुनसमेत मागदावी लिइएको। | | ईष्टिमेटमा समेत मर्मत हुने सडकको नाम तथा व्यहोरामा **रामधुनी गेटबाटै कालोपत्रे गर्ने भन्ने स्पष्ट यकिन गरिएको नदेखिएको**, मिति २०७९।५।२ गतेको स्थलगत अनुगमन निरीक्षण तथा नापजाँच मुचुल्कामा रोहवरमा बसेका जालपा सिद्ध निर्माण सेवाका निर्माण व्यवसायीका प्रतिनिधि, ईटहरी-१७, पकली, सुनसरीका प्रतिनिधि **सरोज बस्नेत** तथा जिल्ला सुनसरी रामधुनी नगरपालिका वडा नं. ३ का तत्कालीन वडा अध्यक्ष समेतले स्थलगत मुचुल्कामा रामधुनी गेटबाट रामधुनी मन्दिर जाने मूल सडकको पहिलो घुम्ती (१७० मिटर) पश्चिमबाट मात्र नापजाँच गरेको बिषयमा अन्यथा उल्लेख गरेको नदेखिएको, प्रतिवादीहरुले मौकाको बयानमा उक्त स्थलगत अनुगमन निरीक्षण तथा नापजाँच मुचुल्का तथा प्रतिवेदक शैलेश दास समेतले पेश गरेको मिति २०७९।५।१७ गतेको स्थलगत नापजाँच तथा प्राविधिक प्रतिवेदनमा उल्लेखित नापजाँचको सम्बन्धमा अन्यथा भनेको समेत नदेखिएको तर नापजाँचमा मानवीय त्रुटि भएको हुन सक्ने सम्म भनी बयान गरेको देखिंदा देखिंदै उक्त व्यहोरा समेतलाई वेवास्ता गरी आफूले गरेको कसूरबाट उन्मुक्ती पाउनको लागि अदालत समक्ष गरेको आधारहिन प्रतिवादी जिकिरलाई प्रमुख आधारमानी निज प्रतिवादीहरुलाई आरोपित कसूरबाट सफाई दिने ठहरी भएको फैसला प्रमाण विवेचनाको रोहमा त्रुटिपूर्ण भएकोले बदरभागी रहेको।<br><br>ङ) प्रतिवादीहरुमध्ये सब ईन्जिनियर-**हर्षलाल चौधरी र ईन्जिनियर देबेन्द्र नारायण चौधरीले** स्थलगत रुपमा नापजाँच गरी नापी किताबमा काम गरेको परिमाण चढाउने काम गरेको र निर्माण व्यवसायीले पेश गरेको बिल सही छ छैन चेकजाँच गरी कार्यसम्पन्न प्रतिवेदन तयार गरेको भन्ने समेत मौकामा तथा अदालत समक्ष गरेको बयान व्यहोराबाट देखिएको, प्रतिवादी **ओमकार प्रसाद न्यौपानेले** प्राविधिक प्रतिवेदनलाई अन्यथा भन्न नसकि सो प्रतिवेदन समेतको आधारमा भुक्तानीको लागि स्वीकृत गरेको भन्ने समेत व्यहोरा मौकामा तथा अदालत समक्षको बयानमा स्वीकार गरेका,प्रतिवादी द्वारिका प्रसाद दाहालले प्राविधिक प्रतिवेदन समेतको आधारमा पेश भएको कागजात भुक्तानीको लागि स्वीकृत गराई भुक्तानी दिएको हो भन्ने समेतको मौकामा तथा अदालत समक्षको बयानमा उल्लेख गरिदिएका, प्रतिवादीहरु **सविना** |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | **कुमारी चौधरी, राजकुमार चौधरी, टिकालक्ष्मी श्रेष्ठ** र **सुनिल कुमार चौधरीले** अनुगमन तथा मूल्यांकन समितिमा रही कार्य सम्पन्नको माईन्यूटमा हस्ताक्षर गरीदिएको हो भन्ने समेत व्यहोरा उल्लेख गरी मौकामा तथा अदालत समक्ष बयान गरिदिएका, साथै प्रतिवादी **नानु कुमारी निरौला (बस्नेत) ले** नगरपालिकाको प्राविधिक कर्मचारीहरुले तयार पारे बमोजिमको कार्य सम्पन्न प्रतिवेदन समेतको आधारमा बिलको भुक्तानी लिएको हो भनी मौकामा तथा अदालत समक्षको बयानमा उल्लेख गरिदिएका । |